भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०७९।८०

चलानी नं.:

मितिः २०७९।११।०८

विषयः राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन हुने सम्बन्धमा।

श्री सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरु (सवै),

भीरकोट नगरपालिका, वयरघारी स्याङ्जा ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तरगतका विद्यालयहरुका प्रधानाध्यापकहरुको नियमित वैठक मिति २०७९।११।०५ को निर्णयानुसार गठित राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन समितिको मिति २०७९।११।०८ को निर्णयानुसार यहि मिति २०७९।११।१३ गते देखि १५ गते सम्म राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता संचालन हुने भएकोले यस नगरपालिका अन्तरगतका सम्पुर्ण माध्यमिक विद्यालयहरुलाई अनिवार्य सहभागिताका लागि अनुरोध छ ।

खेल संचालन हुने मिति समय र स्थानः

मितिः २०७९।११।१३, १४ र १५ गते

पहिलो दिनको समयः बिहान १०.०० बजे

स्थानः ढलेवर (फकानफाँट)

राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा संचालन हुने कार्यक्रमहरु र सहभागी संख्याः

१. भलिबल (छात्र/छात्रा) ९ जना सहभागी

२. एथ्लेटिक्सः

३. (क) दौड ट्र्याक तर्फः सहभागी रिले ड तर्फ ४ जना र अन्य दौडमा १/१ जना

छात्रः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., र (४*१०० मि., ४*४०० मि. रिले दौड)

छात्राः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., र (४*१०० मि., ४*४०० मि. रिले दौड)

(ख) उफ्रने र फ्याँक्ने (फिल्ड तर्फ) सहभागी १/१ जना

छात्रः हाइजम्प, लङजम्प, त्रिपाल जम्प र सटपुट

छात्राः हाइजम्प, लङजम्प, त्रिपाल जम्प र सटपुट

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

खेलका नियमहरुः

१. एथ्लेटिक्स तर्फ विद्यार्थीले २ ट्र्याक एक फिल्ड वा १ ट्र्याक २ फिल्डमा सहभागी हुन पाउनेछन्न । (यो नियम रिले दौडमा लागु हुने छैन) ।

२. भलिबल खेल नकआउट पद्धती र अन्य खेल एथ्लेटिक्स संघको नियमानुसार टाइमिङको आधारमा खेलाइनेछ ।

३. भलिबल खेलमा जम्मा ९ जना खेलाडी र १ जना शिक्षक /प्रशिक्षक सहभागी गराउन सकिनेछ ।

४. प्रतियोगितामा सहभागी हुने विद्यार्थी शैक्षिक सत्र २०७९ को शैक्षिक व्यवस्थापन सुचना प्रणाली IEMIS मा भएको हुनुपर्नेछ ।

५. प्रतियोगितामा सहभागी हुने विद्यार्थीले अनिवार्य रुपमा यस कार्यालयद्वारा जारी गरिएको फाराममा आवश्यक विवरण भरी जन्मदर्ता सहित मिति २०७९।११।१२ गते कार्यलय समय भित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ अर्थात इमेल ठेगाना bsnubhattrai24@gmail.com मा मेल गरी पठाउन सकिनेछ ।

६. विद्यार्थी तथा खेल सम्बन्धी कुनै विवाद आएमा प्रतियोगिता संचालन समिति. तथा आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

७. कुनै पनि खेलमा सहभागी हुने खेलाडीले खेल सुरु हुनु भन्दा १ घण्टा अगाडी खेल आयोजक समिति समक्ष सम्पर्क गर्नुपर्नेछ ।

८. खेलमा सहभागी हुने विद्यार्थीको खाजा, खाना तथा यातायात खर्च विद्यालयले व्यवस्थापन गर्नुपर्नेछ ।

९. खेल संचालन तालिका पछि प्रकासन गरिने/जानकारी गराइने छ ।

बोधार्थः

श्रीमान नगर प्रमुख ज्यू

श्रीमान नगर उप प्रमुख ज्यू

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

श्री सुचना प्रविधि शाखाः सुचना कार्यालयको वेभसाइडमा अपलोड गरिदिनुहुन ।

पुनश्चः थप जानकारीका लागि मोबाइल नं. ९८४६०७१९५६ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०७९-११-०८

नविन थापा

शाखा अधिकृत

अधिकृत स्तर आठौं

अनुसुची-१

(सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा)

"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद, सबैका लागि खेलकुद"

# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७९

## खेलाडी दर्ता फाराम

फोटो

१. सहभागी विद्यार्थीको नामः

२. विद्यालयको नाम/ ठेगानाः

३. अध्ययनरत कक्षाः

४. जन्म मिति :

५. सहभागी हुने खेल :

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने :-

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नामः | नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः | मितिः |
| फोन नं : | फोन नं : | फोन नं : | फोन नं : |
| विद्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।